# संयुक्त अधिराज्य (UK) मा लेटेन्ट क्षयरोग (Latent TB) को परीक्षण

तपाईंको छातीको एक्स-रेले तपाईंको फोक्सोमा क्षयरोग नभएको देखाएको छ। यो राम्रो खबर हो। तपाईंले अब आफ्नो UK को भिसाको लागि आवेदन दिन सक्नुहुन्छ र आफ्नो क्षयरोग नरहेको पुष्टि गर्ने प्रमाणपत्र समावेश गर्न याद राख्नुहोस्।

**तथापि, तपाईं UK आइपुगे पछि तपाईंमा क्षयरोग देखिन सक्छ भन्ने कुरा जान्नु महत्त्वपूर्ण हुन्छ।**

यो किन हुन्छ भने 4 जना मानिसहरु मध्ये 1 जनाको शरीरमा क्षयरोगका ब्याकटेरियाहरु सुषुप्त (निष्क्रिय) अवस्थामा हुन्छन् – जसलाई 'लेटेन्ट क्षयरोग' भनिन्छ। लेटेन्ट क्षयरोगलाई छातीको एक्स-रेमा देख्न सकिन्न त्यसैले थाहा नपाइकन पनि तपाईंको शरीरमा लेटेन्ट क्षयरोग भइरहेको हुनसक्छ। लेटेन्ट क्षयरोग भविष्यमा कुनै पनि बेला जाग्न सक्छ र तपाईंलाई बिरामी गराउन सक्छ। तथापि, तपाईंले UK मा बसोबास गर्न सुरु गरेको पहिलो केही वर्षमा यो जाग्ने र तपाईंलाई बिरामी गराउने सम्भावना बढी हुन्छ।

## सक्रिय TB

लक्षणहरु:
**खोकी, ज्वरो, वजन घट्ने, खाना नरुच्ने, राति पसिना आउने, थकान**



- TB ब्याक्टेरियाहरु 'जागेका' हुन्छन्
- तपाईंलाई बिसन्चो महसुस हुनेछ
- तपाईंले अरुलाई TB सार्न सक्नुहुन्छ

## ल्याटेन्ट TB

**तपाईंमा सक्रिय TB हुने 10 मा 1 सम्भावना रहन्छ**



- TB ब्याक्टेरियाहरु 'सुषुप्त' हुन्छन्
- तपाईंलाई बिसन्चो महसुस हुँदैन
- तपाईंले अरुलाई TB सार्न सक्नुहुँदैन

TB Alert (TB अलर्ट) UK को क्षयरोगसम्बन्धी राष्ट्रिय च्यारिटी हो जो क्षयरोगद्वारा प्रभावित समुदायहरुको ध्यान राख्न पब्लिक हेल्थ इंग्ल्यान्ड (Public Health England) तथा नेसनल हेल्थ सर्भिस (National Health Service, NHS) सँग मिलेर काम गर्छ। लेटेन्ट क्षयरोगको बारेमा www.thetruthabout**tb**.org/latent-tb मा थप थाहा पाउनुहोस्।

**भाग्यवश, लेटेन्ट क्षयरोगले तपाईंलाई बिरामी गराउन सक्नुभन्दा अगाडि नै यसलाई एन्टीबायियिटिकहरुद्वारा उपचार गर्न सकिन्छ।**

तपाईं UK मा आइपुगे पछि तपाईंले जनरल प्राक्टिसनर (General Practitioner) वा 'GP' भनिने नेसनल हेल्थ सर्भिस (National Health Service, NHS) को पारिवारिक चिकित्सकसँग आफूलाई दर्ता गराउन सक्नुहुन्छ। तपाईंको GP ले तपाईंमा लेटेन्ट क्षयरोग छ कि छैन भनेर जाँच गर्न तपाईंलाई तपाईंको रगतको परीक्षण गर्न भन्न सक्नुहुन्छ। यदि तपाईंलाई लेटेन्ट क्षयरोग लागेमा ब्याकटेरियालाई मार्न र तपाईंको भविष्यको स्वास्थ्यलाई सुरक्षित राख्न मद्दत गर्न तपाईंलाई उपचार दिइनेछ। सो परीक्षण तथा उपचार गोपनीय तथा नि:शुल्क हुन्छ र तिनीहरुले तपाईंको भिसाको स्थिति र UK मा बसोबास गर्ने तपाईंको अधिकारलाई प्रभावित गर्ने छैनन्।

**कृपया यस लिफलेटलाई GP सँग रजिस्टर गराउन वा तपाईंमा क्षयरोगका लक्षणहरु देखिएमा तुरुन्तै चिकित्सकबाट जाँच गराउन आफूलाई याद दिलाउनको निम्ति सुरक्षित राख्नुहोस्।**




**तपाईंले आफ्नो सबैभन्दा नजिक रहेका GP लाई www.thetruthabouttb.org/FindaGP मा भेटाउन सक्नुहुन्छ।**